# मोरङ जिल्ला अदालत

**इजलास**

माननीय जिल्ला न्यायाधीश श्री कृष्णमुरारी शिवाकोटी

**फैसला**

मुद्दा नं.- ०७५-CP-२५४३

रजिष्ट्रेशन/कोड नं.-२७-०७५-०३९१०

निर्णय नं.-४३७

मुद्दाः- शेयर विक्री लिखत वदर, निर्णय वदर, दा.खा. दर्ता वदर, दर्ता कायम।

माइधन दास अग्रवालको नाति गोरधन दास अग्रवालको छोरा जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ७ बस्ने जगदिश प्रसाद अग्रवाल.........१ वादी

विरूद्ध

माइधन दास अग्रवालको नाति गोरधन दास अग्रवालको छोरा जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ७ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२ लाजिम्पाट बस्ने त्रिलोकचन्द अग्रवाल..१

ऐ.को नाति ऐ. को छोरा जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ७ बस्ने तुलसीराम अग्रवाल.................................................................१

गोरधन दास अग्रवालको नाति जगदिश प्रसाद अग्रवालको छोरा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २ लाजिम्पाट बस्ने अशोक कुमार अग्रवाल.................................................................................१

गोरधन दास अग्रवालको नाति जगदिश प्रसाद अग्रवालको छोरा जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका वडा नं. २ लाजिम्पाट बस्ने अनुज अग्रवाल.................................................................................१ प्रतिवादी

गोरधन दास अग्रवालको नाति त्रिलोक चन्द अग्रवालको छोरा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२, लाजिम्पाट बस्ने विशाल अग्रवाल.................................................................................१

गोरधन दास अग्रवालको नाति तुलसीराम अग्रवालको छोरा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२, लाजिम्पाट बस्ने निकुञ्ज अग्रवाल......१

जगदिश प्रसाद अग्रवालको नाति अशोक कुमार अग्रवालको छोरा काठमाडौं

जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२ लाजिम्पाट बस्ने अर्पित अग्रवाल..........................................................................१

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० थापाथली स्थित रजिष्टर्ड कार्यालय रहेको फोन नं. ०१४१००५९३ भएको पूजा इन्टरनेशनल नेपाल प्रा.लि..........................................................................१

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २४, प्युखा स्थित रजिष्टर्ड कार्यालय रहेको फोन नं. ०११५७१३१८८ भएको पारामाउण्ट इलेक्ट्रोनिक्स प्रा.लि...............................................................१

| | |
|---|---|
| वादीका साक्षीः | प्रतिवादीका साक्षीः |
| प्रमाणः | प्रमाणः |

न्याय प्रशासन ऐन,२०७३ को दफा ७ तथा मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा १७/१८ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको रही दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य तथा ठहर यस प्रकार रहेको छः-

मूल पूर्खा गोरधन दास अग्रवाल तथा निजकी पत्नी कमलावती अग्रवालका तीन छोरा क्रमशः जेठो म फिरादी जगदिश प्रसाद अग्रवाल, पत्नी बनारसी देवी अग्रवाल, माहिलो त्रिलोकचन्द अग्रवाल पत्नी उषा अग्रवाल, र कान्छो तुलसीराम अग्रवाल पत्नी मन्जु अग्रवाल हुन् । म फिरादी जगदिश प्रसाद अग्रवालका दुई छोराहरू अशोक कुमार अग्रवाल पत्नी मधु अग्रवाल र अनुज अग्रवाल पत्नी कविता संघई हुनुहुन्छ । माहिलो त्रिलोकचन्द अग्रवालको एक छोरा विशाल अग्रवाल पत्नी स्मिता अग्रवाल र कान्छो तुलसीराम अग्रवालको एक मात्र छोरा निकुञ्ज अग्रवाल पत्नी संचिता अग्रवाल छन् । अशोक कुमार अग्रवालको एक छोरा अर्पित अग्रवाल पत्नी गरिश्मा अग्रवाल रहेका छन् ।

म तथा प्रतिवादीहरू बीच सम्वत् २०७४ सालको दे.नं. २७-०७४-०२०४४ को अंशचलन मुद्दा चली हामीहरू बीच मिति २०७५/०२/११ मा मिलापत्र गरी अंश लिनुदिनु भई सोही मिलापत्रमा उल्लिखित सम्पत्तिको अतिरिक्त सम्पत्ति वा कालान्तरमा केही कुनै सम्पत्ति पत्ता लागेमा वा हामी सबैको अंश लाग्ने प्रकृतिको कुनै सम्पत्ति भएमा वा सबै अंशियारको हक भाग लाग्ने सम्पत्ति प्राप्त हुन आएमा त्यस्ता सम्पत्ति कोही कसैको नाउँमा भएतापनि त्यस्ता सम्पत्तिलाई पुनः चार भाग वण्डा गरी दुई भाग जेठा जगदिश प्रसाद अग्रवाल र एक/एक भाग त्रिलोक चन्द अग्रवाल र तुलसीराम अग्रवालको हुने र सोबाट पुनः आ-आफ्नो अंशियारहरूलाई अंश लिने दिने भनी मिलापत्र भई आ-आफ्नो हक भागको सम्पत्तिहरू भोगचलन गर्दै आएका छौं ।

विपक्षी अर्पितले अन्य अंशियार उपर दायर गरेको र.नं. ०३३४७/०७५-CP-२१५६ को अंशचलन मुद्दाको प्रतिउत्तर पत्रमा मिति २०७५/०२/११ को मिलापत्रको लिखतमा उल्लेख नभएका पूजा इन्टरनेशनल नेपाल प्रा.लि. र पारामाउण्ट इलेक्ट्रोनिक्स प्रा.लि. कम्पनिमा जिकीर नलिएको देखी उक्त कम्पनिहरूमा सगोलको पारिवारिक सम्पत्तिको प्रयोग भएको र उक्त कम्पनिको शेयरमा म फिरादीको अंश भाग लाग्ने थाहा पाई सो को खोजी नीति गर्दा विपक्षीहरूले आपसमा मिली उक्त कम्पनिका शेयरहरू मलाई थाहा जानकारी नदिई मेरो पनि अंश हक लाग्ने सम्पूर्ण शेयरहरू आपसमा खरिद बिक्री गरी लिए दिएको छ भन्ने कुरा थाहा जानकारी हुन आई उक्त दुबै कम्पनिको रजिष्टर्ड कार्यालयमा गई शेयर लगतको नक्कल मिति २०७६/०३/०३ लिई हेर्दा पूजा इण्टरनेशनल नेपाल प्रा.लि.को जम्मा ९,००,००० थान साधारण शेयर रहेकोमा सोमध्ये विशाल अग्रवालको नाउँमा ५,६०,००० थान, निकुञ्ज अग्रवालको नाउँमा १,८०,००० थान र त्रिलोकचन्द अग्रवालको नाउँमा १,६०,००० थान शेयर रहेकोमा विपक्षीहरू मिलीविशाल अग्रवालको कूल शेयर मध्ये शेयर नं. १५०००१ देखि १७०००० सम्म र शेयर नं. ६००००१ देखि ८००००० सम्मको जम्मा शेयर सङ्ख्या २२०००० थान शेयर बिक्री गर्ने विशाल अग्रवाल र खरिद गर्ने अशोक अग्रवाल भई मिति २०७४/०३/२७ मा राजिनामा लिखत खडा गरी बिक्री गरेको, शेयर धनी विशाल अग्रवाल र खरिद गर्ने तुलसीराम अग्रवाल शेयर नं. १७०००१ देखि २७०००० सम्मको जम्मा १००००० थान शेयर मिति २०७४/०३/२७ मा राजिनामा लिखत खडा गरी खरिद बिक्री गरेको, शेयरधनी निकुञ्ज अग्रवाल र खरिद गर्ने तुलसीराम अग्रवाल भई शेयर नं. ४०६२५१ देखि ४१६२५० सम्म जम्मा शेयर सङ्ख्या १०००० थान खरिद बिक्री गरेको, शेयर धनी निकुञ्ज अग्रवाल र खरिद गर्ने अनुज अग्रवाल भई शेयर नं. ८०००० १ देखि ८६०००० सम्म जम्मा शेयर सङ्ख्या ६०००० थान शेयर खरिद बिक्री गरेको, धनी त्रिलोकचन्द अग्रवाल र खरिद गर्ने अनुज अग्रवाल भई शेयर नं. १४०००१ देखि १५०००० सम्म, शेयर नं. ४९०००१ देखि ६००००० सम्म र शेयर नं. ८६०००१ देखि ९००००० सम्म जम्मा १६०००० थान शेयर खरिद बिक्री गरेको पाइयो ।

उपरोक्त बमोजिमको शेयर सङ्ख्याहरू मिति २०७४/०३/२७ मा राजिनामा लिखत खडा गरी बिक्री भई गएको शेयरहरू खरिदकर्ताहरूको नाउँमा दा.खा. गरिदिने भनी मिति २०७४/०३/२८ मा निर्णय भई दा.खा. समेत भई शेयर लगत समेत कम्पनि रजिष्ट्रारको कार्यालयबाट अद्यावधिक समेत भईसकेकोमा पुनः विपक्षीहरू आपसमा मिली अशोक कुमार अग्रवालको कूल शेयर मध्ये शेयर नं.१५०००१ देखि १६३००० सम्मको जम्मा शेयर सङ्ख्या १३००० थान शेयर बिक्री गर्ने अशोक कुमार अग्रवाल र खरिद गर्ने निकुञ्ज

अग्रवाल भई मिति २०७४/०३/२९ मा राजिनामा लिखत खडा गरी विक्री गरेको, त्यस्तै तुलसीराम अग्रवालको कूल शेयर मध्ये शेयर नं. १७०००१ देखि २१४००० सम्मको जम्मा शेयर सङ्ख्या ४४००० थान शेयर विक्री गर्ने तुलसीराम अग्रवाल र खरिद गर्ने निकुञ्ज अग्रवाल भई मिति २०७४/०३/२९ मा राजिनामा लिखत खडा गरी विक्री गरेको, त्यस्तै शेयर नं. २१४००१ देखि २५३००० सम्मको जम्मा शेयर सङ्ख्या ३९००० थान शेयर विक्री गर्ने तुलसीराम अग्रवाल र खरिद गर्ने त्रिलोक चन्द अग्रवाल भई मिति २०७४/०३/२९ मा राजिनामा लिखत खडा गरी विक्री गरेको, त्यस्तै अनुज अग्रवालको कूल शेयर मध्ये शेयर नं. ८०००० १ देखि ८१३००० सम्म को जम्मा शेयर सङ्ख्या १३००० थान शेयर विक्री गर्ने अनुज अग्रवाल र खरिद गर्ने निकुञ्ज अग्रवाल भई मिति २०७४/०३/२९ मा राजिनामा लिखत खडा गरी विक्री गरेको आधारमा उक्त पूजा इन्टरनेशनल नेपाल प्रा.लि. कम्पनिबाट निज शेयर खरिदकर्ताहरूको नाउँमा उक्त विक्री भई गएको शेयरहरू दाखिल खारेज (नामसारी) गरी दिने भनी मिति २०७४/०३/३० मा निर्णय भई दा.खा. समेत भई शेयर लगत समेत कम्पनि रजिष्ट्रारको कार्यालयबाट अद्यावधिक समेत भइसकेको छ ।

उक्त कम्पनिहरू मध्ये पारामाउण्ट इलेक्ट्रोनिक्स प्रा.लि. कम्पनिको शेयर लगतमा प्रति शेयर रु.१००।- का दरको जम्मा ५,००,००० थान साधारण शेयर रहेको छ । ती शेयर मध्ये विपक्षी विशाल अग्रवालको नाउँमा जम्मा २,०३,००० थान शेयर, निकुञ्ज अग्रवालको नाउँमा जम्मा १,१०,००० थान शेयर र त्रिलोकचन्द अग्रवालको नाउँमा जम्मा १,५७,०००।- थान शेयर रहेको थियो । हामी अंशियार बाहेक अन्य व्यक्ति आशिष जिन्दलको नाउँमा जम्मा ३०,००० थान शेयर रहेको छ । विपक्षीहरू आपसमा मिली विशाल अग्रवालको कूल शेयरमध्ये शेयर नं. २५०००१ देखि ३६७५०० सम्मको जम्मा शेयर सङ्ख्या १,१७,५०० थान शेयर विक्री गर्ने विशाल अग्रवाल र खरिद गर्ने अनुज अग्रवाल भई मिति २०७४/०३/२५ मा राजिनामा लिखत खडा गरी विक्री गरेको, त्यस्तै शेयर नं. ३६७५०१ देखि ३७०००० सम्म र शेयर नं. १००००१ देखि १२४२५० सम्मको जम्मा शेयर सङ्ख्या २६७५० थान शेयर विक्री गर्ने विशाल अग्रवाल र खरिद गर्ने अर्पित अग्रवाल भई मिति २०७४/०३/२५ मा राजिनामा लिखत खडा गरी विक्री गरेको, त्यस्तै त्रिलोक चन्द अग्रवालको कूल शेयर मध्ये शेयर नं. १४८८०१ देखि १८०८०० सम्मको जम्मा शेयर सङ्ख्या ३२००० थान शेयर विक्री गर्ने त्रिलोक चन्द अग्रवाल र खरिद गर्ने अर्पित अग्रवाल भई मिति २०७४/०३/२५ मा राजिनामा लिखत खडा गरी विक्री गरेको, त्यस्तै शेयर नं. १८०८०१ देखि २०२८०० सम्म र शेयर नं. ३९५००१ देखि ४३१७५० सम्मको जम्मा शेयर सङ्ख्या ५८७५० थान शेयर विक्री गर्ने त्रिलपक

चन्द अग्रवाल र खरिद गर्ने अशोक कुकार अग्रवाल भई मिति २०७४/०३/२५ मा राजिनामा लिखत खडा गरी विक्री गरेको, त्यस्तै शेयर नं. ४३१७५१ देखि ४३९२५० सम्मको जम्मा शेयर सङ्ख्या ७५०० थान शेयर विक्री गर्ने त्रिलोकचन्द अग्रवाल र खरिद गर्ने तुलसीराम अग्रवाल भई मिति २०७४/०३/२५ मा राजिनामा लिखत खडा गरी विक्री गरेको, त्यस्तै निकुञ्ज अग्रवालको कूल शेयर मध्ये शेयर नं. ४५०००१ देखि ५००००० सम्म र शेयर नं. ६७२०१ देखि ६८४५० सम्मको जम्मा शेयर सङ्ख्या ५१२५० थान शेयर विक्री गर्ने निकुञ्ज अग्रवाल र खरिद गर्ने तुलसीराम अग्रवाल भई मिति २०७४/०३/२५ मा राजिनामा लिखत खडा गरी विक्री गरेको आधारमा उक्त पारामाउण्ट इलेक्ट्रोनिक्स प्रा.लि. कम्पनिबाट निज शेयर खरिदकर्ताहरूको नाउँमा उक्त विक्री भई गएको शेयरहरू दाखिल खारेज (नामसारी) गरी दिने भनी मिति २०७४/०३/२६ मा निर्णय भई दा.खा. दर्ता समेत भई शेयर लगत समेत कम्पनि रजिष्ट्रारको कार्यालयबाट अद्यावधिक समेत भइसकेपछि पुनः विपक्षीहरू मध्ये तुलसीराम अग्रवाल र विपक्षी निकुञ्ज अग्रवाल समेत आपसमा मिली तुलसीराम अग्रवालको कूल शेयर मध्ये शेयर नं. ४५०००१ देखि ५००००० सम्म र शेयर नं. ६७२०१ देखि ६८४५० सम्मको जम्मा शेयर सङ्ख्या ५१२५० थान शेयर विक्री गर्ने तुलसीराम अग्रवाल र खरिद गर्ने निकुञ्ज अग्रवाल भई मिति २०७४/०३/२८ मा राजिनामा लिखत खडा गरी विक्री गरेको आधारमा उक्त पारामाउण्ट इलेक्ट्रोनिक्स प्रा.लि. कम्पनिबाट निज शेयर खरिदकर्ताको नाउँमा उक्त विक्री भई गएको शेयरहरू दाखिल खारेज (नामसारी) गरी दिने भनी मिति २०७४/०३/२९ मा निर्णय भई दा.खा. समेत भई शेयर लगत समेत कम्पनि रजिष्ट्रारको कार्यालयबाट अद्यावधिक समेत भईसकेको छ।

सम्मानित अदालतबाट मिति २०७५/०२/११ मा भएको मिलापत्रको आधारले उक्त पूजा इन्टरनेशनल नेपाल प्रा.लि.को कूल शेयर सङ्ख्या ९,००,००० को ४ भागको २ भाग शेयर हुने ४,५०,००० थान शेयरमा मेरो अंश हक लाग्ने शेयरहरू विपक्षीहरूले आपसमा मिली पटक पटक दुषित राजिनामाको लिखत खडा गरी हक हस्तान्तरण गरी लिनुदिनु गरेकोमा सो मिति २०७४/०३/२७ र २०७४/०३/२९ मा भएका दुषित राजिनामा लिखतहरू अनुसार खरिद विक्री भई मिति २०७४/०३/२८ र २०७४/०३/३० को पूजा इन्टनेशनल नेपाल प्रा.लि.को संचालक समितिको निर्णयानुसार दा.खा. समेत भएको जम्मा शेयर सङ्ख्या ५,५०,००० थान शेयर मध्ये ४ भागको २ भाग र पारामाउण्ट इलेक्ट्रोनिक्स प्रा.लि. को कूल शेयर सङ्ख्या ५,००,००० मध्ये हामी अंशियारको नाउँमा मात्र रहेको कूल शेयर सङ्ख्या ४,७०,००० को ४ भागको २ भाग शेयर हुने २,३५,००० थान शेयरमा मेरो अंश हक लाग्ने शेयरहरू विपक्षीहरूले आपसमा मिली पटक पटक दुषित

राजिनामाको लिखत खडा गरी हक हस्तान्तरण गरी लिनुदिनु गरेकोमा सो मिति २०७४/०३/२५ र मिति २०७४/०३/२८ को भएको दुषित राजिनामा लिखतहरू अनुसार खरिद विक्री भई मिति २०७४/०३/२६ र २०७४/०३/२९ को पारामाउण्ट इलेक्ट्रोनिक्स प्रा.लि.को संचालक समितिको निर्णयानुसार दा.खा. भएको जम्मा शेयर सङ्ख्या २,९३,७५० थान शेयर मध्ये ४ भागको २ भाग शेयरहरू समेत उक्त दुबै कम्पनीहरूको उल्लिखित मितिको शेयर खरिद विक्री दुषित राजिनामा लिखतहरू वदर गरी, सो हदसम्मको कम्पनिको शेयर दा.खा. गर्ने गरी उल्लिखित मितिहरूको निर्णयहरू वदर गरी सो निर्णय अनुसार खडा गरिएको शेयर लगत समेत वदर गरी दिई उक्त कारोवार भएको शेयरहरूको ४ भागको २ भाग शेयर मेरो नाउँमा कायम गरी न्याय पाउँ भन्ने फिराद पत्र ।

कम्पनिका शेयर धनीहरू र फिरादी रगत नाताको व्यक्ति र अंशियार भएको तथ्यमा विवाद छैन । कम्पनिको संचालक समितिको बैठकबाट भएको शेयर खरिद विक्री र सो पश्चात् शेयर दा.खा. सम्बन्धमा भएको निर्णय समेत वदर गरिपाउँ भनी विपक्षीले गर्नुभएको फिरादमा दावी लिएअनुसार कम्पनिको संचालक समितिबाट भएका निर्णयहरू, के कुन कानुन प्रतिकूल रहेकोले वदर हुनुपर्ने हो भनी कहिं कतै खुलाइएको छैन । कम्पनिको शेयर चल सम्पत्ति भएकोले त्यसमा फिरादीको अंश हक लाग्न सक्ने भएता पनि प्रचलित मुलुकी देवानी कार्यविधि संहिता २०७४ हामी कम्पनिको हकमा लागू हुन नसक्ने भएकोले कम्पनिको हकमा फिराद खारेज गरी न्याय पाउँ भन्ने व्यहोराको प्रतिवादी पारामाउण्ट इलेक्ट्रोनिक्स प्रा.लि., पूजा इण्टरनेशनल प्रा.लि. समेतको संयुक्त प्रतिउत्तर पत्र ।

फिराद पत्रमा उल्लिखित शेयर खरिद विक्री भएको सङ्ख्यामा हाम्रो केही विवाद छैन। हामीले आफ्नो पारिवारिक सम्बन्ध भित्र गरेको शेयर खरिद विक्री कोही कसैको अंश मार्ने वा खाने नियतले गरेको नभई कम्पनिमा लगानी अनुपात व्यवस्थित गर्ने प्रयोजनको लागि गरेका हौं । हामीले आपसमा शेयर खरिद विक्री गर्दैमा कोही कसैको अंश हक मर्न जाने हुँदैन । कम्पनिमा हाम्रो नाउँमा रहेको शेयरमा फिरादी समेतको अंश हक लाग्ने हो र कानुन बमोजिम निजले पाउने हो भनी हामीले खरिद विक्री गर्दैमा निजको भाग समाप्त हुने होइन । कम्पनिको संचालक समितिको निर्णयले प्रचलित कम्पनि ऐन बमोजिम शेयर दा.खा. भई भई अन्तिम भई आ-आफ्नो नाममा कायम रहेको शेयरको हकभोग समेत हामी आ-आफूले गर्न लागेको अवस्थामा कम्पनिलाई लागू नहुने वा कम्पनिको हकमा आकर्षित हुन नसक्ने मुलुकी देवानी संहिता बमोजिम शेयर विक्री लिखत वदर निर्णय वदर दा.खा. दर्ता वदर दर्ता कायम हुन नसक्ने भएकोले फिराद खारेज गरी पाउँ भन्ने व्यहोराको प्रतिवादी निकुञ्ज अग्रवालको र प्रतिवादीहरू त्रिलोक चन्द अग्रवाल, तुलसीराम अग्रवाल समेतको एकै मिलान व्यहोरा भएको छुट्टाछुट्टै प्रतिउत्तर पत्र ।

## अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री भरत थापा तथा प्रतिवादी पूजा इन्टरनेशनल नेपाल प्रा.लि. र पारामाउन्ट इलेक्ट्रोनिक्स प्रा.लि. को तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सुनिल कुमार कर्ण र अन्य प्रतिवादीहरुको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री पुनम गुप्ता र रमन कुमार कर्णले गर्नु भएको वहस समेत सुनी फिराद पत्र सहितको सम्पूर्ण मिसिल कागजात अध्ययन गरी हेर्दा वादी दावीबमोजिम शेयर विक्री लिखत वदर हुने हो वा होइन ? भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो।

निर्णय तर्फ विचार गर्दा मूल पूर्खा गोरधन दास अग्रवाल तथा निजकी पत्नी कमलावती अग्रवालका तीन छोरा क्रमशः जेठो म फिरादी जगदिश प्रसाद अग्रवाल, पत्नी बनारसी देवी अग्रवाल, माहिलो त्रिलोक चन्द अग्रवाल, पत्नी उषा अग्रवाल र कान्छो तुलसीराम अग्रवाल, पत्नी मन्जु अग्रवाल हुन् । म तथा प्रतिवादीहरु बीच २०७४ सालमा अंश मुद्दा चली मिति २०७५।०२।११ मा मिलापत्र गरी अंश लिनुदिनु भई मिलापत्र भएको थियो । सो मिलापत्रमा उल्लेखित सम्पत्तिको अतिरिक्त सबै अंशियारको अंश लाग्ने प्रकृतिको सम्पत्ति फेला परेमा त्यस्तो सम्पत्ति जोसुकैको नाममा भएपनि त्यस्ता सम्पत्तिलाई चारभाग गरी दुईभाग जगदीश प्रसाद अग्रवाल र एक एक भाग त्रिलोक चन्द अग्रवाल र तुलसीराम अग्रवालको हुने भनी उल्लेख भएकोमा हाल मिति २०७५।०२।११ को मिलापत्रको लिखतमा उल्लेख नभएका पूजा इन्टरनेशनल नेपाल प्रा.लि. र पारामाउन्ट इलेक्ट्रोनिक्स प्रा.लि. लगायतका सगोलको सम्पत्ति प्रयोग भएको म फिरादीको अंश हक लाग्ने कम्पनी रहेको थाहा पाएकोले वुझ्दा विपक्षीहरुले आपसमा मिलि शेयर खरिद विक्रि गरेको थाहा भएकोले मेरो अंश हक लाग्ने पूजा इन्टरनेशनल नेपाल प्रा.लि. र पारामाउन्ट इलेक्ट्रोनिक्स प्रा.लि. को शेयर विक्रि गरेको लिखत मेरो हकसम्म वदर गरीपाउँ भन्ने फिराद दावी भएकोमा, हामीले आफ्नो पारिवारिक सम्बन्ध भित्र गरेको शेयर खरिद विक्री कोही कसैको अंश मार्ने वा खाने नियतले गरेको नभई कम्पनिमा लगानी अनुपात व्यवस्थित गर्ने प्रयोजनको लागि गरेका हौं । हामीले आपसमा शेयर खरिद विक्री गर्दैमा कोही कसैको अंश हक मर्न जाने हुँदैन । कम्पनिमा हाम्रो नाउँमा रहेको शेयरमा फिरादी समेतको अंश हक लाग्ने हो र कानुन बमोजिम निजले पाउने हो भने हामीले खरिद विक्री गर्दैमा निजको भाग समाप्त हुने होइन भन्ने प्रतिउत्तर जिकिर रहेको देखिन्छ ।

यसमा वादी र प्रतिवादीहरु अंशीयार नाताका व्यक्ति भन्नेमा विवाद देखिँदैन । निजहरुका बीच अंश मुद्दा चली मिति २०७५/०२/११ मा मूल अंशीयार तीनजना भएपनि कूल सम्पत्तिलाई चार भाग लगाई दुई भाग वादी जगदिश प्रसाद अग्रवालले र वाँकी दुई

भाग मध्ये एक भाग त्रिलोकचन्द अग्रवालले र एक भाग तुलसीराम अग्रवालले पाउने गरी मिलापत्र भएको प्रमाणमा आएको मिसिलबाट देखिन्छ । सो मिलापत्रमा पछि कुनै सम्पत्ति पत्ता लागेमा वा सबैको अंश लाग्ने प्रकृतिको कुनै सम्पत्ति भएमा वा सबै अंशियारको हक भाग लाग्ने सम्पत्ति प्राप्त हुन आएमा त्यस्ता सम्पत्ति जोसुकैको नाउँमा भएतापनि त्यस्ता सम्पत्तिलाई पुनः चार भाग वण्डा गरी दुई भाग जेठा जगदिश प्रसाद अग्रवाल र एक/एक भाग त्रिलोक चन्द अग्रवाल र तुलसीराम अग्रवालको हुने र सोबाट पुनः आ-आफ्नो अंशियारहरूलाई अंश लिने दिने भनी उल्लेख भएको देखिन्छ । उक्त मिलापत्रमा वादीले दावी गरेको पूजा इन्टरनेशनल नेपाल प्रा.लि. र पारामाउन्ट इलेक्ट्रोनिक्स प्रा.लि. को सेयरको वारेमा उल्लेख भएको देखिँदैन । उक्त कम्पनी सगोलको सम्पत्तिबाट संचालन भएको र त्यसको शेयरमा आफ्नो पनि हक लाग्नेमा प्रतिवादीहरुले मिलोमतो गरी एकआपसमा खरिद विक्री गरेकोले आफ्नो हकसम्म शेयर खरिद विक्रीको लिखत वदर हुनु पर्छ भन्ने नैं वादीको मुख्य दावी रहेको देखिन्छ । वादीले दावी गरेको पारामाउन्ट इलेक्ट्रोनिक्स प्रा.लि.को कूल शेयर संख्या ५,००,००० कित्ता भएको मिसिल संलग्न प्रमाणबाट देखिन्छ । सो मध्ये ३०,००० कित्ता शेयर वादी प्रतिवादीका अंशियारहरु बाहेकका आशिष जिन्दलको नाममा रहेको देखिएकोले ४,७०,००० कित्ता शेयर मात्र वादी प्रतिवादीका अंशियारहरुको हकमा रहेको देखियो । सो शेयर मध्ये विशाल अग्रवाल, त्रिलोकचन्द अग्रवाल र निकुन्ज अग्रवालले २,९३,७५० कित्ता शेयर अनुज अग्रवाल, अर्पित अग्रवाल, अशोक कुमार अग्रवाल र तुलसीराम अग्रवाललाई विक्री गरेको मिसिल संलग्न प्रमाणबाट देखिन्छ । यसैगरी पूजा इन्टरनेशनल नेपाल प्रा.लि. को कूल शेयर संख्या ९००००० कित्ता रहेको शेयर दर्ता किताबबाट देखिन्छ । सो मध्ये विशाल अग्रवाल, निकुन्ज अग्रवाल र त्रिलोक चन्द अग्रवालले ५,५०,००० कित्ता शेयर अशोक अग्रवाल, तुलसीराम अग्रवाल र अनुज अग्रवाललाई विक्री गरेको प्रमाणबाट देखिन्छ । उल्लिखित कम्पनीहरुमा वादीको हक लाग्ने होईन भनी प्रतिवादीहरुले जिकिर लिएको देखिँदैन ।

वादी प्रतिवादीहरुका मूल अंशियारहरुका बीच मिति २०७५/०२/११ मा भएको मिलापत्रमा उल्लिखित शर्तलाई पनि प्रतिवादीहरुले इन्कार गरेको अवस्था छैन । उक्त मिलापत्रमा पछि कुनै सम्पत्ति पत्ता लागेमा जोसुकैको नाउँमा भएतापनि त्यस्ता सम्पत्तिलाई पुनः चार भाग गरी दुई भाग जेठा जगदिश प्रसाद अग्रवाल र एक एक भाग त्रिलोक चन्द अग्रवाल र तुलसीराम अग्रवालले पाउने भनी उल्लेख भएको देखिन्छ । मिलापत्रको उक्त शर्तलाई प्रतिवादीहरुले अस्वीकार गरेको अवस्था नहुँदा र वादीले दावी गरेको कम्पनी वण्डा गर्नु पर्ने प्रकृतिको नभई आफ्नो मात्र एकलौटी हकको हो भनी प्रतिवादीहरुले जिकीर लिएको अवस्था समेत नहुँदा उक्त कम्पनीमा पनि वादी प्रतिवादीहरुका मूल अंशियारहरुका बीच

मिति २०७५/०२/११ मा भएको मिलापत्रमा उल्लिखित शर्त बमोजिम वादीको हक लाग्ने नैं देखियो ।

तसर्थ विवेचित आधार कारणबाट वादी प्रतिवादीका बीच मिति २०७५/०२/११ मा भएको मिलापत्रको शर्त समेतका आधारमा पूजा इन्टरनेशनल नेपाल प्रा.लि.को मिति २०७४/०३/२७ र मिति २०७४/०३/२९ मा भएको ५,५०,००० कित्ता शेयर खरिद विक्रीको लिखत र पारामाउण्ट इलेक्ट्रोनिक्स प्रा.लि.को मिति २०७४/०३/२५ र २०७४/०३/२८ मा भएको २,९३,७५० कित्ता शेयर खरिद विक्रीको लिखत र सो बमोजिम भएका निर्णयहरू वदर भई ४ भागको दुई भाग शेयर वादीको नाममा कायम हुने ठहर्छ । सो ठहर्नाले अरूमा तपसील बमोजिम गर्ने गरी मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १९७ बमोजिम फैसला गरिएको छ ।

<u>तपसील</u>

- माथि ठहर खण्डमा लेखिए बमोजिम पूजा इन्टरनेशनल नेपाल प्रा.लि.को मिति २०७४/०३/२७ र मिति २०७४/०३/२९ को ५,५०,००० कित्ता शेयर खरिद विक्रीको लिखत र पारामाउण्ट इलेक्ट्रोनिक्स प्रा.लि.को मिति २०७४/०३/२५ र २०७४/०३/२८ को २,९३,७५० कित्ता शेयर खरिद विक्रीको लिखत र सो बमोजिम भएका निर्णयहरू वदर भई ४ भागको दुई भाग शेयर वादीको नाममा कायम हुने ठहरी फैसला भएकोले लाग्ने दस्तुर लिई ठहरे बमोजिम फैसला कार्यान्वयन गर्नु भनी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २२९ बमोजिम फैसलाको प्रतिलिपि समेत साथै राखी तहसील शाखामा लगत दिनू.......................................................................१
- वादीले फिराद साथ राखेको अदालती शुल्क रु.१,०००।- मुद्दा अन्तिम भएपछि वादीलाई प्रतिवादीहरूबाट भराइ दिनु भनी तहसील शाखामा लगत दिनू..........................................................................................२
- मुद्दा सुनुवाई हुँदा प्रतिवादीका कानून व्यवसायी उपस्थित भै वहस पैरवी गरेको देखिँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २००(४) बमोजिम फैसला हुँदा प्रतिवादी उपस्थित भएको मानिने भएकोले प्रस्तुत फैसलामा चित्त नबुझे फैसला प्रमाणीकरण भएको मितिबाट ३० दिनभित्र पुनरावेदन गर्न सक्ने नै हुँदा पुनरावेदनको म्याद दिईरहनु परेन............................................३
- सरोकारवालाले नक्कल माग्न आए कानूनको रीत पुऱ्याई नक्कल दिनू........४
- प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसला भएको विवरण सूचना पाटीमा टाँस गरी निस्सा जनाइ राख्नू..................................................५

- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू..........................................................................................६

जिल्ला न्यायाधीश

<u>फैसला तयार गर्न सहयोग पुऱ्याउनेः</u>

ना.सुः बिनोद कार्की

फैसला मितिः २०७६/१२/०५

फैसला प्रमाणीकरण मितिः २०७७/०३/१४/